दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक २११ | बुटवल | २०८३ साउन २५ गते, सोमबार | नेपाल संवत ११४६ | Monday August 10, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini


# सरकारप्रति नागरिकमा निराशा र आक्रोश छ : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगन थापाले आम नागरिकमा निराशा, आक्रोश र हतास मनोदशा देखिएको बताएका छन् । उनले सरकारप्रति जनतामा देखिएको आक्रोश आफूहरूका लागि चिन्ताको विषय भएको बताए ।

कांग्रेस केन्द्रीय समिति बैठकलाई आइतबार सम्बोधन गर्दै सभापति थापाले के-के न हुन्छ भनेर नयाँलाई भोट हालेकाहरूले पनि केही हुन सकेन भनेर आक्रोश व्यक्त गरिरहेको बताएका हुन् । 'तपाईंहरूले नागरिक भेट्दा के पाउनुभयो ? यहाँ खुलेर छलफल गरौं । मैले चाहिँ जनतामा निराशा र हतासा भएको पाउँछु । हतासको मनोदशा भएको पाउँछु,' थापाले भने-'के-के न होला भनेर भोट हाल्यौं, केही हुन सकेन भनेर जनतामा आक्रोश पाउँछु । प्रधानमन्त्री बालेनले मध्य राति लेखेको स्टाटसले पनि त्यो कुरा स्वीकारेको देखिन्छ ।'

'रास्वपा सरकारप्रति जनतामा देखिएको निराशामा कांग्रेस खुसी हुने कि चिन्ता व्यक्त गर्ने ?,' थापाले भने- 'राष्ट्रिय शक्तिको हैसियतमा कांग्रेस यसमा चिन्ता व्यक्त गर्छ ।' असोज १६ देखि १९ गतेसम्मका लागि तोकिएको कांग्रेसको १५औं महाधिवेशन एकदिन पनि नसर्ने उनले बताएका छन् । विशेष महाधिवेशनको आधिकारिकतासम्बन्धी विवादमा सर्वोच्च अदालतले बोलाएको दिन आफूहरूले शानदार ढंगले जवाफ दिने उनले जनाए ।

कांग्रेस केन्द्रीय समिति बैठकलाई आइतबार सानेपामा सम्बोधन गर्दै सभापति थापाले केन्द्रीय महाधिवेशनको मिति तलमाथि नहुने बताएका हुन् ।

'महाधिवेशनको तिथिमिति तोकिएको छ, असोज १६ देखि १९ सम्म गर्ने निर्णय भइसकेको छ । वडा अधिवेशन एक/दुई दिन तलमाथि हुनसक्छ । तर, फाइनल डेट एकदिन तलमाथि हुँदैन ।'- थापाले भने ।

सभापति थापाले कांग्रेसको विशेष महाधिवेशनको विषय निर्वाचन आयोग र सर्वोच्च अदालतले एकपटक टुंगो लगाइसकेको अवस्थामा फेरि सही ठहरिने विश्वास गरे । 'सर्वोच्चले गरेको आदेशका बारेमा के गर्ने हो भनेर साथीहरूले सोध्नु भएको छ । विधानको व्यवस्थाअनुसार विशेष गर्‍यौं, त्यो औचित्यपूर्ण थियो,' थापाले भने-'असन्तुष्ट साथीहरू निर्वाचन आयोग जानुभयो, विशेष ठीक हो भनेर निर्क्यौल दियो, सर्वोच्चको डिभिजन बेन्चले पनि त्यसै भन्यो । आयोगको निर्णय जे हो त्यही छ, सानका साथ अदालत जाने, सानका साथ डिफेन्ड गर्ने हो ।'

सभापति थापाले शेरबहादुर देउवा पक्षलाई समेटेर निष्पक्ष महाधिवेशन गर्न तयार रहेको बताएका छन् ।

» बाँकी ३ पेजमा

# हराएका पूर्व मेयर सिंह मृत फेला



बुटवल । कपिलवस्तु नगरपालिकाका पूर्वमेयर तथा कांग्रेस नेता किरण सिंह गोरुसिंगे जंगलमा मृत भेटिएका छन् । उनी शुक्रबारदेखि तिलौराकोट सामुदायिक जंगलमा हराइरहेका थिए । जंगलको बिचमा उनी चढ्ने मोटरसाइकल भेटिए पनि उनको अवस्था अज्ञात थियो ।

कपिलवस्तुका प्रहरी प्रमुख, एसपी मनोहर भट्टले हराएका सिंहको आइतबार जंगलमा शव भेटिएको जानकारी दिए ।

६५ वर्षीय सिंह शुक्रबार अन्दाजी २ बजेतिर कपिलवस्तु-३ स्थित घरबाट निस्किएका थिए । साढे ३ बजेतिर उनले आफू निकटका केही व्यक्तिलाई 'जंगलमा बाटो बिर्सिएँ' भनेर फोन गरेका थिए । त्यसपछि उनका आफन्तसहितको टोली खोजीमा निस्किँदा पूर्वपश्चिम राजमार्गबाट करिब आठ किलोमिटरभित्र जंगल क्षेत्रमा उनले चढ्ने गरेको लु. प्र. ०१०१३ प ७९७० नम्बरको मोटरसाइकल रोकिराखेको अवस्थामा भेटिएको थियो ।

# हरेक वर्ष नदी कटानले सुस्तावासीलाई सास्ती

**लुम्बिनी प्रदेशका मुख्य मन्त्री आचार्यले आइतबार स्थलगत निरीक्षण गर्दै कटान नियन्त्रणलाई प्राथमिकतामा राख्ने आश्वासन दिएका छन् ।**



**गौरीशंकर जयसवाल**

*परासी*

पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा बढिरहेको नदी कटानले सुस्तावासीलाई हरेक वर्ष सास्ती दिने गरेको छ । भारी वर्षा हुँदा नारायणी नदीको बहाब बढेर सुस्ताको विशेष गरी वडा नं. ५ (नारायणी पारी सुस्ता) को गाउँ बस्ती डुबानको चपेटामा पर्ने गरेका छन् । सरकारले डुबान र कटान रोक्न स्थायी पक्की संरचना नभएका कारण हरेक वर्ष स्थानीयले बोरामा माटो, गिटी भरेर अस्थायी तटबन्ध गर्ने गरेका छन् ।

हरेक वर्ष सुस्तावासीले श्रमदानमार्फत् अस्थायी तटबन्ध बनाउन समय र मेहनत खर्चिनुपर्दा सास्ती हुने गरेको स्थानीय युवा बाबु खानले गुनासो गरे । बाढी पस्ने जोखिम भएको क्षेत्रमा अस्थायी संरचना राखेर भए पनि स्थानीयले नियन्त्रणको प्रयास गरेका हुन् । गत बुधबार साँझदेखि नै सयौं स्थानीयले श्रमदान गरेर बस्ती जोगाउन जुटेको सुस्ता बचाउ अभियानका प्रवक्ता रवीन्द्र जयसवालले बताए । 'सुस्तामा तटबन्ध बनाउनका लागि राज्यले रकम त विनियोजन गर्‍यो । तर, मुख्य बाढी पस्ने स्थानमा नै काम गर्न भारतीय पक्षले रोक लगाउँदा बस्ती जोखिममा परेको छ,' उनले भने- 'अहिले स्थानीय आफैंले बोरामा बाटो, गिट्टी भरेर नदी किनारमा लगाइरहेका छौं । नदी बस्तीमा पस्यो भने सुस्ता गाउँ नै विस्थापित हुनुपर्ने जोखिम छ ।'

बर्खाभरी सुस्ताका बासिन्दा नदी बढेर बस्ती पस्ने त्रासमा हुन्छन् । वर्षौंदेखि बाढीको जोखिम भोगिरहेका स्थानीयलाई यस वर्ष भने तटबन्ध निर्माणको योजनाले खुसी थिए । उक्त योजनाबाट नदीको केही स्थानमा पक्की तटबन्ध निर्माण भए पनि वर्षौंदेखि बाढी पस्दै आएको थारु टोलमा भने तटबन्ध हुन नसक्दा जोखिम कायमै रहेको सुस्ता बचाउ अभियानकी अगुवा लैला बेगमले बताइन् । 'अहिले हामी आफैंले जाली, ढुंगा र बोरामा गिट्टी राखेर कटान रोक्ने कोशिषमा छौं,' बेगमले भनिन्- 'आफ्नो बस्ती जोगाउन हामी आफैं कस्सिएका हौं ।' तीनतर्फबाट नारायणी र एकतर्फ भारतीय भूभागले घेरिएको यो बस्ती बाढी आएपछि हरेक वर्ष जलमग्न हुने गरेको छ ।

सुस्तामा भारतीय सशस्त्र सीमा बल(एसएसबी) नेपाली भूमिमा प्रवेश गरेर निर्माणाधीन अस्थायी बाँध भत्काएपछि विवाद भएको थियो ।

यसैबिच लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आइतबार सुस्तामा भइरहेको कटान र डुबानबारे स्थलगत निरीक्षण गरेका छन् । निरीक्षण गर्दै आचार्यले नदी कटान नियन्त्रणका लागि प्रदेश सरकारले आवश्यक स्रोतको व्यवस्थापन गर्ने र विपद् व्यवस्थापन कोषबाट समेत बजेट उपलब्ध गराउने बताएका छन् ।

'बजेटको अभावका कारण सुस्ता क्षेत्रको नदी कटान नियन्त्रणको काम रोकिने छैन । प्रदेश सरकारले यस विषयमा आवश्यक ध्यान दिन्छ,' मुख्यमन्त्री आचार्यले भने-'नदी कटान नियन्त्रणका लागि तत्काल गर्नुपर्ने कामलाई प्राथमिकताका साथ अघि बढाइनेछ ।'

मुख्यमन्त्री आचार्यले सुस्ता क्षेत्रमा नदी कटानका कारण बस्ती, खेतीयोग्य जमिन तथा सीमा क्षेत्रमा पर्नसक्ने जोखिमलाई गम्भीरतापूर्वक लिन सुरक्षा निकाय र स्थानीय प्रशासनलाई आग्रह गरेका थिए । सीमा क्षेत्रमा उच्च मनोबलका साथ खटिएर राष्ट्रिय सीमा तथा नेपालको भूमि जोगाउन योगदान पुर्‍याउन सुरक्षा निकाय र समुदायस्तरबाट भएको प्रयासको र नेपालको भूमि संरक्षण गर्न सुस्तावासीले रक्षा कवचको रूपमा खेल्नुभएको भूमिका महत्वपूर्ण रहेको उनको भनाइ थियो ।

सुस्ताको भूमि रक्षाका लागि स्थानीय नागरिकले देखाएको एकता र प्रतिबद्धता राज्यका लागि समेत महत्वपूर्ण रहेको बताए ।

नदी कटान रोक्न समुदायस्तरबाट भइरहेका प्रयासको पनि र स्थानीय बासिन्दाको सक्रिय सहभागिता र सुरक्षा निकायको समन्वयमा नदी कटान नियन्त्रणका लागि भइरहेका तत्कालीन प्रयासलाई प्रदेश सरकारले आवश्यक सहयोग गर्ने मुख्यमन्त्री आचार्यले प्रतिबद्धता व्यक्त गरेका थिए ।

सुस्ता क्षेत्रमा नदी कटान बढ्दै जाँदा सीमावर्ती बस्ती तथा नेपाली भूमिमा जोखिम बढेको स्थानीय बासिन्दाले मुख्यमन्त्री आचार्यलाई जानकारी गराएका थिए । उनीहरूले दीर्घकालीन रूपमा नदी कटान नियन्त्रणका लागि तटबन्ध निर्माण, नदीको बहाव व्यवस्थापन तथा आवश्यक संरचना निर्माण सरकारको ध्यानाकर्षण गराएका थिए ।

सुस्तामा बाढीको जोखिम कम गर्न गत आर्थिक वर्षमा पक्की तटबन्ध निर्माणमा भारतीय पक्षको अवरोध पछि काम रोकिएको थियो ।

# पाल्पामा सेनकालिन सम्पदाको खोजी




**कृष्ण पोखरेल**

*पाल्पा*

नेपाल एकीकरण पहिले पाल्पामा सेन वंशका राजाहरुले वि.स. १५५० देखि वि.स.१८६३ सम्म ३१३ वर्ष शासन गरेका थिए । वि.स. १८६३ मा भिमसेन थापाको पालामा पाल्पाको सेन राज्यलाई नेपाल राज्यमा एकीकरण गरिएको थियो । सेन वंशीय शासन पतन भए पनि, सेनहरुले राज्य सञ्चालनको क्रममा निर्माण गरेका थुप्रै संरचना रहेका थिए । सेन राजाहरुले निर्माण गरेका अधिकांश ऐतिहासिक तथा पुरातात्विक महत्वका संरचनाहरु समयक्रमसँगै पहिचान र प्रचारप्रसार नहुँदा ओझेलमा पर्दै गए । पाल्पा जिल्लामा रहेका, तर ओझेलमा परेका सेनकालीन संरचनाहरुको पहिचान तथा प्रचारप्रसार गर्दै पर्यटकीय महत्व बढाउने अभियानका साथ नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पाले एक महिने पदयात्रा कार्यक्रम सञ्चालन गरेको हो ।

पाल्पा पहिलेदेखि नै शासनसत्ताको केन्द्र भागमा रहँदै आएको जिल्ला मानिन्छ । मगराँत शासन हुँदै सेन शासनले पाल्पामा ३१३ वर्ष लामो समय राज्य सञ्चालन गरेको पाइन्छ । पाल्पामा थुप्रै ऐतिहासिक तथा सेनकालिन पर्यटकीयस्थलहरु रहेका छन् । सेनकालिन सयौ पर्यटकीय स्थलहरुको पहिचान हुन सकेको छैन भने पहिचान भएकाको उचित प्रचारप्रसार हुन सकिरहेको छैन । ति पर्यटकीयस्थलको प्रचारप्रसार गर्दै पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल एसोसिएशन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पा च्याप्टरले प्रत्येक शनिबार सदरमुकाम तानसेनबाट पदयात्रा गर्दै आएको नाट्टा पाल्पाका अध्यक्ष राजिवकुमार शाहले बताए ।

पैदल यात्रामा पर्यटन व्यवसायी, राजनीतिक दल, जनप्रतिनिधि, सुरक्षा निकाय, स्वास्थ्यकर्मी, विभिन्न सामाजिक संघ संस्थाका व्यक्तिहरु र विद्यार्थीहरुको सहभागिता रहँदै आएको छ । नाट्टा पाल्पाले पहिलो शनिबार तानसेनबाट पैदलयात्रा गर्दै सेनराजाहरुको राज्य सञ्चालन स्थल पूर्णकोट, इष्ट देवता भैरव मन्दिर त्यस वरिपरिका क्षेत्रहरुको अवलोकन गरेको छ । दोस्रो शनिबार तानसेनबाट प्रभास क्षेत्र, बालकन्या, वंशगोपाल, मणिमुकुन्देश्वर शिवालय मन्दिरलगायतका संरचना अवलोकन भएको छ । तेस्रो शनिबार नाट्टाकै आयोजनामा तानसेनबाट बतासेडाँडा हुँदै चण्डिभञ्ज्याङ, भुल्के, सेन राजाको समयमा निर्माण भएको ३ हजार ३ मिटर लामो राजकुलो, सेनकालिन ऋषिकेश मन्दिर तथा विभिन्न संरचनाहरुको अवलोकन गरी प्रचारप्रसार गरिएको छ । चौथो शनिबार जितगढी क्षेत्र, मणिमुकुन्द सेन फूलबारी, नुवाकोट गढी, जन्तिलुङसम्म पदयात्राको कार्यक्रम रहेको छ । पाल्पाको सेनकालिन इतिहास जनमासमा पुर्‍याउने, इतिहासको माध्यमबाट पाल्पाको पर्यटन विकासमा टेवा पुर्‍याउने, पाल्पाका पर्यटन व्यवसायीहरुलाई सेनकालिन सम्पदाहरुसम्म पुर्‍याउने उद्देश्यले पदयात्रा कार्यक्रम सञ्चालन गरिएको नाट्टा पाल्पाका पदयात्रा संयोजक धिरजबहादुर बज्राचार्यले बताए ।

पदयात्रामा सहभागीहरूले जिल्लाका विभिन्न क्षेत्रमा रहेका सेनकालीन संरचनाको अवलोकन गर्दै तिनको ऐतिहासिक, सांस्कृतिक तथा पर्यटकीय महत्वबारे जानकारी लिएका छन् । नाट्टा पाल्पाले सेनकालिन इतिहास र संरचनाको खोजीसहितको पदयात्रा कार्यक्रमले जिल्लाको पर्यटन प्रवर्द्धनमा ठुलो टेवा पुग्ने र इतिहासको सोधखोज तथा अनुसन्धानमा नयाँ पुस्ताले थाहा पाउने र प्रचारप्रसारको माध्यमबाट सेनकालिन इतिहासको उजागर हुने, तानसेन नगरलाई मध्यकालिन शहरको रुपमा युनेस्कोमा पहिचान दिलाउन सहयोग पुग्ने नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बताए ।

एक महिने पदयात्रा कार्यक्रमले पाल्पाका नयाँ नयाँ स्थानमा पर्यटकीय मार्गहरु पहिचाान भएका छन् । अर्कोतर्फ सेनकालीन सम्पदाको संरक्षण, प्रचारप्रसार र पर्यटन विकासलाई जोड पुगेको छ । युवा पुस्तामा इतिहास कला संस्कृति रहन सहन, ठाउबस्तीको परिवेश तथा चाल चलनको विषयमा जान्ने मौका पाएका छन् । नाट्टा पाल्पाले सञ्चालन गरेको एक महिने पदयात्रा कार्यक्रममा सहभागी युवाहरुले सेनकालिन इतिहासबारे प्रत्यक्ष रुपमा अवलोकन गरी जान्ने सुवर्ण अवसर प्राप्त भएको पदयात्रामा सहभागी सविना शाक्यले बताइन् ।

पदयात्रा कार्यक्रमले पाल्पाको सेनकालीन इतिहास, धार्मिक तथा सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्द्धन र पर्यटन विकासमा योगदान पुग्नेछ । पहिचान भएका सेनकालिन सम्पदाहरुको संरक्षण, सम्वर्द्धन तथा पुनर्निर्माणमा पाल्पाका स्थानीय सरकारको ध्यान जान जरुरी देखिन्छ ।




## सम्पादकीय

# पर्यटक मार्गको खोजी

पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट्स (नाट्टा) पाल्पा च्याप्टरले तानसेन-रिडी पदयात्रा गरेको छ। पैदलयात्रा टोली बतासेडाँडा, चण्डीभन्ज्याङ, पुरानो सुरूङ, कुरूङखोला, जोर्ते, राजकुलो हुँदै रूरूक्षेत्र पुगेर सेनकालीन पदमार्गको प्रचार अभियान अघि बढाएको छ। यो पदयात्राले रूरू क्षेत्रको धार्मिक महत्वलाई प्रचार गर्ने मात्र नभई नयाँ पुस्तालाई पुरानो संस्कृति बुझाउने र इतिहासबारे जान्ने एउटा गतिलो माध्यम हो।

कुनै बेला पाल्पाको सेन राज्य शक्तिशाली राज्य थियो। नेपाल एकीकरण पूर्वको सेन राज्यमा बनेका पुरातात्विक महत्वका संरचना पाल्पा, बुटवल र रिडीमा भेटिन्छन्। रूरू क्षेत्रको ऋषिकेशव मन्दिर सेनकालमै निर्माण भएको हो। तानसेन शहर सेनकालकै प्रसिद्धी कमाएको शहर हो। भैरवस्थानको भैरव मन्दिर र बुटवल फूलबारीमा सेनकालीन शीतकालीन दरबार सेनकालका प्रमाण हुन्। संस्कृति र सभ्यतामा सेनकाल स्वर्णकाल मानिन्छ। कला र वास्तुकलामा सेनहरु अगाडि थिए। त्यसबेलाका दरबार, त्यहाँका कलात्मक वस्तु तत्कालीन संस्कृति र समाज बुझ्ने औजार हुन्। तानसेन-रिडी पदयात्रा सेनकालीन संस्कृति बुझ्ने मार्ग हो। राणाकालमा पनि रिडीको महिमा उच्च थियो। कालान्तरमा ओझेलमा परेको रिडीको प्रचार गरी पर्यटक आगमन बढाउन सके यहाँको पर्यटन फस्टाउन सक्छ। नेपालका चार धाम मुक्तिक्षेत्र, पशुपति क्षेत्र, रूरू क्षेत्र, बराह क्षेत्र हिन्दु संस्कृतिमा महत्वपूर्ण मानिन्छन्। रूरूक्षेत्रमा शालीग्राम, ऋषिकेश मन्दिर, शिवालय मन्दिर, रूरूकन्या मन्दिर, भृगुतेश्वर मन्दिरलगायतका प्रसिद्ध रहेकाले संस्कृति बुझ्न र बुझाउनका लागि राम्रो अवसर हो। रिडीको पर्यटन प्रवर्द्धन गर्ने पूर्वाधार विकासमा ढिलाइ गर्न हुन्न्। गुरुयोजना बन्यो, तर त्यसअनुसारको काम अघि बढेको छैन। प्रतिफलमुखी आयोजनामा बजेट खर्च नगरी अन्यत्र गर्ने प्रवृत्तिले रिडीको विकासमा अवरोध भएको छ।

नयाँ पर्यटकीय गन्तव्यहरूको खोजी अभियानअन्तर्गत यसअघि तानसेनदेखि सेनकालीन पाल्पा राज्यको राजधानी पूर्णाकोटका साथै रामनदी धाम अर्थात् राम्दीसम्मको पदयात्रा नाट्टाले सम्पन्न गरिसकेको छ। अब नुन मार्ग अर्थात् तानसेनदेखि मस्याम हुँदै नुवाकोटगढीसम्म पदयात्रा गर्ने तयारी छ। यस्तो पदयात्रा गर्दा सांस्कृतिक कार्यक्रम र साहित्यिक कार्यक्रमसहित गर्दा सुनमा सुगन्ध थपिन सक्छ। नाट्टा पालपाको यो अभियान निरन्तर हुनुपर्छ, आगामी दिनका कार्यक्रममा नयाँपन ल्याउँदै नयाँ पुस्तालाई जोड्न सक्नुपर्छ।

# पठन संस्कृति : समृद्ध नेपालको बलियो जग



दीपकराज जोशी

त्यस्तै, सामाजिक रूपान्तरणका क्षेत्रमा पनि यसको भूमिका अद्वितीय रहन्छ। विज्ञान र समाजशास्त्रको अध्ययनले बोक्सी प्रथा, छाउपडी वा जातपातजस्ता कुरुती र अन्धविश्वासलाई जरैदेखि उखेल्न मद्दत गर्छ। मानसिक स्वास्थ्यका दृष्टिले पुस्तक पढ्नु आफैँमा एउटा उत्कृष्ट 'थेरापी' हो, जसले मानसिक तनाव, डिप्रेसन र एन्जाइटी घटाउँछ। पोषण र शारीरिक व्यायामसम्बन्धी जानकारी पढ्ने समाजमा निवारक स्वास्थ्यको विकास भई राज्यको स्वास्थ्य बजेटसमेत जोगिन पुग्छ।

अहिलेको नेपाली समाजमा एउटा आम गुनासो चौतर्फी सुनिन्छ- अभिभावकहरू किताब पढ्दैनन्, शिक्षकहरू विद्यार्थीलाई पढ्न अभिप्रेरित गर्दैनन् र विद्यार्थी पढ्ने कामलाई केवल परीक्षा उत्तीर्ण गर्ने र गृहकार्यको भारी बोक्ने माध्यम मात्र ठान्छन्। यो समस्या हाम्रो समाजमा यत्रतत्र छ। यस विषयमा विभिन्न मञ्चहरूमा बहस र अन्तरक्रियाहरू त भइरहेका छन्, तर ठोस र व्यावहारिक समाधान भने अझै पनि ओझेलमा परेको आभास हुन्छ।

वास्तवमा, यो समस्याको वास्तविक पहिचान र समाधान के होला त ? यसै प्रश्नको उत्तर खोज्ने क्रममा मेरो भेट पठन संस्कृतिमा पूर्णतया अभ्यस्त एक विद्यालयका प्राचार्यसँग भयो। सँगै सुदेश डोटेल र 'बुकल्यान्ड' सँगको सहकार्यले मेरो सोच्ने तरिका र दृष्टिकोण नै परिवर्तन गरिदियो। यो भेट र अनुभव मेरो व्यक्तिगत जीवनमा मात्र नभई पठन संस्कृति अभियानकै लागि एउटा ठूलो फड्को सावित बन्यो। यस भेटले ममा आशा र विश्वासको नयाँ बिजारोपण गऱ्यो। आफ्नै परिस्थितिको वस्तुगत विश्लेषण गर्दै मैले पठनको यात्रा सुरु गरेँ, जसले आज एउटा सानो गोरेटोलाई राजमार्गमा बदल्ने आत्मविश्वास दिएको छ। स्मरण रहोस्, स्वयं आफू विश्वस्त नभई अरूलाई प्रेरित गर्न सकिँदैन, त्यसैले परिवर्तनको सुरुवात आफैँबाट हुनु आवश्यक छ।

**हामी किन पढ्ने ?**

समाजको रूपान्तरण र अनुशासनका लागि 'चिन्तन' र 'चेतना' अपरिहार्य तत्व हुन्, जसको एकमात्र सशक्त माध्यम पठन हो। हाम्रो मनमा उठ्ने कैयौँ प्रश्नहरूको जवाफ खोज्ने र कुनै पनि विषयवस्तुलाई बहुआयामिक ढङ्गले हेर्ने क्षमता पठनले नै प्रदान गर्छ।

एक मननीय प्रश्न- हाम्रो देशका नेताहरूले डाँडा-डाँडामा करोडौँ खर्चेर 'भ्यु टावर' बनाउनुको सट्टा गाउँ-गाउँमा आधुनिक पुस्तकालय र खेलमैदान बनाएको भए आज नेपालको अवस्था कस्तो हुन्थ्यो होला ? त्यसो भएको भए आज हामीसँग धेरै अनुसन्धानकर्ता, चिन्तक, नवप्रवर्तक, दार्शनिक, कुशल खेलाडीहरू र खुशी तथा स्वस्थ नागरिकहरू हुने थिए। आज समाजमा प्रतिशोधको भावना बढ्नु, सामाजिक सञ्जालमा अरूलाई गाली-गलौज गर्ने बानी मौलाउनु र रचनात्मकताभन्दा नकारात्मकता मात्रै हाबी हुनुको मुख्य कारण पुस्तक नपढ्नु अर्थात् अध्ययनशीलताको कमी नै हो।

**इतिहासका केही ज्वलन्त उदाहरण**

समाज परिवर्तनको मुख्य संवाहक पठन संस्कृति नै हो भन्ने कुरा इतिहासले प्रमाणित गरिसकेको छ।

– **राजनीतिक चेतना** : राणा शासनविरुद्ध बीपी कोइरालाले उठाएको वैचारिक आवाज होस् वा विभिन्न कालखण्डमा उठेका क्रान्तिकारी कदमहरू, ती सबैको जड गहन अध्ययन र चेतनाको पुञ्ज नै थियो।

–**व्यक्तित्व विकास** : बीपी कोइराला, मदन भण्डारीजस्ता प्रखर राजनीतिज्ञहरूको उचाइ वा महाकवि लक्ष्मीप्रसाद देवकोटाजस्ता साहित्यिक हस्तीहरूको सिर्जनात्मक क्षमताको पछाडि उहाँहरूको पठनप्रतिको अगाध लगाव थियो। शारीरिक रूपमा फरक क्षमता भएर पनि झमककुमारी घिमिरेले पठन संस्कृति र लेखनकै माध्यमबाट आफूलाई विश्वसामु प्रेरणाको बलियो स्रोत बनाउनुभयो।

– **विश्वव्यापी अनुभव** : विश्वका सर्वाधिक सफल उद्यमी एलन मस्कलाई जब सोधियो- 'तपाईंलाई रकेट बनाउन कसले सिकायो ?' तब उहाँको सीधा र स्पष्ट उत्तर थियो- 'किताब पढेर'। आज हामीले भोगिरहेको विकासको सुस्तता र कार्यशैलीमा देखिएको खोटको मुख्य कारण नै पठन संस्कृतिको अभाव हो। पठनविना नवीन सोंच र कार्यप्रतिको वास्तविक लगाव पैदा हुन सक्दैन। अहिले धेरै काम केवल देखावटी, औपचारिकता पूरा गर्न वा कर्तव्य निर्वाहका लागि मात्र भइरहेका छन्। यदि हामीले मुलुकमा वास्तविक र दिगो परिवर्तन ल्याउने हो भने पठन संस्कृतिलाई अभियानकै रूपमा अगाडि बढाउनुको विकल्प छैन। पठनले मात्र व्यक्तिलाई तार्किक चिन्तक, नवप्रवर्तनकारी र जिम्मेवार नागरिकमा रूपान्तरण गर्न सक्छ।

वर्तमान नेपाल संघीयताको अभ्यास, सामाजिक-आर्थिक रूपान्तरण र युवा जनसंख्याको बाहुल्य भएको एउटा महत्त्वपूर्ण ऐतिहासिक मोडमा उभिएको छ। यस्तो अवस्थामा शैक्षिक पाठ्यक्रम र परीक्षाको घेराभन्दा बाहिर निस्किएर पुस्तक पढ्ने बानी बसाल्नु कुनै विलासिता होइन, बल्कि यो नेपालको समग्र राष्ट्रिय विकासको एउटा अपरिहार्य र बलियो जग हो।

**चेतना, चिन्तन र दूरदर्शिताको प्रस्थानविन्दु**

पठन संस्कृतिको अभावमा समाज सतही ज्ञान र अफवाहको दलदलमा फस्ने जोखिम सधैँ रहन्छ। जब नागरिकमा गहन अध्ययनको बानी बस्छ, तब मात्र समाजमा 'क्रिटिकल थिङ्किङ' (आलोचनात्मक चेत) को विकास हुन्छ। किताब पढ्ने समाजले नेतृत्वलाई 'किन, कसरी र केका लागि' भनेर प्रश्न गर्न सक्छ र अन्धभक्त हुने प्रवृत्ति स्वतः घट्दै जान्छ।

सामाजिक सञ्जालका १५ सेकेन्डका भिडियो वा भ्रामक हेडलाइनको भरमा धारणा बनाउनुको सट्टा गहन अध्ययनले मानिसलाई सतही ज्ञानबाट मुक्ति दिई विषयवस्तुको चुरो बुझ्न सघाउँछ। यसले समाजमा फैलिने भ्रम र मिथ्या सूचनालाई सजिलै खारेज गर्दै तथ्यमा आधारित स्वस्थ बहसको संस्कृति निर्माण गर्छ, चाहे त्यो गाउँको चियापसल होस् वा देशको संसद्।

साथै, इतिहास, साहित्य र दर्शनको अध्ययनले नेतृत्व र नागरिक दुवैलाई ऐतिहासिक गल्तीहरूबाट पाठ सिक्न र भविष्यमा आउने चुनौतीहरूको पूर्वानुमान गर्न सक्षम बनाउँछ। अरूको कथा र सङ्घर्ष पढ्दा नागरिकहरूमा समानुभूति, सामाजिक सद्भाव र फरक विचारप्रति सहिष्णुताको भावना जागृत हुन्छ, जुन शान्तिपूर्ण विकासका लागि अनिवार्य सर्त हुन्।

**मानव पुँजी, सुशासन र आर्थिक दिगोपन**

कुनै पनि देशको आर्थिक मेरुदण्ड त्यहाँको मानव पुँजी हो। निरन्तर अध्ययनले श्रमबजारमा माग भइरहने नयाँ प्रविधि र सीपसँग मानिसलाई अद्यावधिक राख्दै दक्ष जनशक्ति निर्माण गर्छ। व्यावसायिक जीवनी र अर्थशास्त्रका पुस्तकहरूले युवाहरूलाई जागिरे मानसिकताबाट माथि उठाई उद्यमशीलतातर्फ प्रेरित गर्छन्। बजारको उतारचढाव र जोखिम व्यवस्थापन बुझेका अध्ययनशील उद्यमीहरूले सञ्चालन गरेका व्यवसायहरू बढी दिगो र सफल हुन्छन्।

अध्ययनशील समाजले भौतिक पूर्वाधारमा मात्र होइन, अनुसन्धान र विकासमा पनि जोड दिन्छ। नागरिकमा आर्थिक साक्षरता बढ्दा देशको आर्थिक जग बलियो हुन्छ र देशमै सम्भावनाहरू देखिने हुँदा प्रतिभा पलायन अर्थात् 'ब्रेन ड्रेन' को न्यूनीकरणमा ठूलो मद्दत पुग्छ।

**सुशासनमा पठन संस्कृतिको प्रभाव**

सचेत मतदाता : चुनावी घोषणापत्र र दलहरूको विगत पढेर भोट हाल्ने नागरिकले सधैँ सक्षम नेतृत्व छनोट गर्छन्।

भ्रष्टाचारको विरोध : कानुन, नियम र आफ्ना अधिकारबारे सचेत नागरिकलाई कसैले सहजै ठग्न वा फसाउन सक्दैन।

पारदर्शी नीति निर्माण : नीति निर्माताहरू अध्ययनशील हुँदा हचुवाको भरमा नभई 'डेटा' र 'केस स्टडी' का आधारमा जनपक्षीय कानुन बन्छन्।

**नागरिक खबरदारी** : सरकारी बजेट, खर्च र प्रतिवेदनहरू पढेर प्रश्न गर्न सक्ने समाज नै लोकतन्त्रको वास्तविक खम्बा बन्छ।

**पर्यावरण र सामाजिक रूपान्तरण**

पठन संस्कृतिले भौतिक विकासको मोडेललाई समेत पर्यावरणमैत्री बनाउन मार्गनिर्देश गर्छ। दिगो विकास र पर्यावरणीय अर्थशास्त्रको अध्ययनले नेपालमा भइरहेको विना-इन्जिनियरिङको 'डोजरे विकास' को अन्त्य गरी भूगर्भ र वातावरण अनुकूलको पूर्वाधार निर्माण गर्ने चेत खोल्छ। जैविक विविधता र जलवायु परिवर्तनको गाम्भीर्य बुझेका नागरिकहरूले नवीकरणीय ऊर्जा, चक्रिय अर्थतन्त्र फोहोरमैला व्यवस्थापन र जैविक कृषिको प्रवर्द्धनमा सक्रिय योगदान दिन्छन्।

त्यस्तै, सामाजिक रूपान्तरणका क्षेत्रमा पनि यसको भूमिका अद्वितीय रहन्छ। विज्ञान र समाजशास्त्रको अध्ययनले बोक्सी प्रथा, छाउपडी वा जातपातजस्ता कुरुती र अन्धविश्वासलाई जरैदेखि उखेल्न मद्दत गर्छ। मानसिक स्वास्थ्यका दृष्टिले पुस्तक पढ्नु आफैँमा एउटा उत्कृष्ट 'थेरापी' हो, जसले मानसिक तनाव, डिप्रेसन र एन्जाइटी घटाउँछ। पोषण र शारीरिक व्यायामसम्बन्धी जानकारी पढ्ने समाजमा निवारक स्वास्थ्यको विकास भई राज्यको स्वास्थ्य बजेटसमेत जोगिन पुग्छ।

**निष्कर्ष :**

पुस्तकालय नै विकासको पहिलो पूर्वाधार हो। त्यसैले ठूला-ठूला भ्यु-टावर वा कङ्क्रिटका अनुत्पादक संरचनाहरू बनाएर बजेट सक्नुभन्दा पहिले प्रत्येक पालिकामा एउटा समृद्ध पुस्तकालय खोल्नु र अध्ययन संस्कृतिको विकास गर्नु नै दूरदर्शी विकासको वास्तविक प्रस्थानविन्दु हो। हाम्रो वर्तमान शिक्षा प्रणालीमा व्यापक सुधार गर्दै र डिजिटल प्रविधिलाई रचनात्मक ढङ्गले उपयोग गर्दै नयाँ पुस्तामा पठन संस्कृतिको विकास गर्न सके मात्र समृद्ध, न्यायपूर्ण र विकसित नेपालको वास्तविक मेरुदण्ड तयार हुनेछ।

समाचारपत्रबाट

# बेसारको नियमित प्रयोगले क्यान्सर नियन्त्रणमा फाइदा पुग्छ ?



नेपालसहित दक्षिण एसियाली देशमा खानामा बेसारको प्रयोग गरिन्छ। बेसारले स्वाद बढाउने मात्र नभई शरीर स्वस्थ राख्न पनि मद्दत गर्छ।

बेसारको प्रयोगबाट मुटुसम्बन्धी समस्या, पाचन प्रणालीको समस्या, डायबिटिज, डिप्रेसन, अल्जाइमर जस्ता रोगबाट बच्न सकिने तथ्य सार्वजनिक भएका छन्। बेसारमाथि गरिएका विभिन्न अध्ययन अनुसन्धानमा त्यसमा औषधीय गुण भएको यौगिक करक्युमिन पाइएको छ।

मुसामा प्रयोग गरिएको बेसारमा करक्युमिनले क्यान्सर बढ्न नदिन मद्दत गरेको अध्ययनले देखाएको छ। तर बेसारमा दुई तीन प्रतिशत करक्युमिन पाइने हुँदा शरीरले यसको सबै मात्रा लिन सक्दैन। बेसारसम्बन्धी गरिएका विभिन्न अध्ययनले खानामा बेसारको मात्राबारे पनि उल्लेख गरेका छन्।

बेसारको मात्रा दैनिक प्रयोग गर्ने वा स्वस्थ रहन त्यसमा पाइने तत्व करक्युमिनको दैनिक प्रयोग गर्नेबारे विभिन्न अध्ययन भइरहेका छन्।

**कसरी भयो अनुसन्धान ?**

बेसारबारे अध्ययनका लागि बेलायतको न्युकासल विश्वविद्यालयले एक समूह बनाएर यसबारे अनुसन्धान गरेको छ। अनुसन्धानमा एक सय जना स्वयंसेवकलाई तीन समूहमा विभाजित गरिएको थियो।

जसमा पहिलो समूहलाई हरेक दिन एक चम्चा बेसार खुवाइयो भने दोस्रो समूहलाई एक चम्चा बेसार सप्लिमेन्टका रुपमा खुवाइयो। र, तेस्रो समूहलाई बेसार भनेर अरु नै चिज खुवाइयो।

अनुसन्धाताले उनीहरुको रगतमा तीनवटा परीक्षण गरे। बेसार खुवाएको पहिलो समूहका स्वयंसेवकमा रक्तकोषमा हुने जलनलाई नियन्त्रण गरी प्रतिरोध गरेको र रोग प्रतिरोधात्मक क्षमता बढाएको देखियो।

यसबाट बेसारले रक्तकोषमा हुने जलनलाई घटाउनुका साथै डायबिटिज जस्ता समस्यालाई घटाउन सक्ने तथ्य पत्ता लाग्यो। यो परीक्षण न्युकासल विश्वविद्यालयको पीबी बायोसाइन्सले विकसित गरेको थियो। जसलाई अक्सिडेटिभ स्ट्रेस भनिन्छ।

दोस्रो समूहमा रहेकाहरुको सेता रक्तकोषको गणना गरियो। डीएनएको नतिजाका लागि यो आवश्यक थियो। यो परीक्षणले उनीहरुमा प्रतिरोधात्मक क्षमताको स्थितिबारे समेत जानकारी दियो।

तेस्रो परीक्षण युनिर्भसिटी कलेज लण्डनबाट गरियो। यसमा डीएनएको मेथिलेसनको बारेमा पत्ता लाग्यो। बेसारको क्यान्सर रोकथाम तथा नियन्त्रण गर्ने गुणबारे यो अध्ययन गरिएको थियो।

न्युकासल विश्वविद्यालयमा विकसित गरिएको अक्सिडेटिव स्ट्रेस अनुसार तीनै समूहका उनीहरुमा यसको मात्रा भने बराबर थियो। रोग प्रतिरोधात्मक क्षमतामा मौसम परिवर्तनले प्रभाव पार्छ। घामले अक्सिडेटिव स्ट्रेस बढाउँछ। जुन असर तीनै समूहमा देखिन थालेको थियो।

सेता रक्तकोषको गणनाबाट तीनै समूहमा इम्युन कोषिकामा कमी आएको पत्ता लाग्यो। सबै समूहमा यो बराबर मात्रामा घटेको थियो।

बेसार खाने र बेसारको नाममा अन्य कुरा खाएकाहरुको डीएनए मेथिलेसनमा कुनै अन्तर थिएन। तर जसले खानामा बेसार प्रयोग गरिरहेका थिए उनीहरुको मेथिलेसनमा अन्तर थियो।

**नतिजा के आयो ?**

बेसारले शरीरलाई फाइदा वा घाटा के गर्छ भन्न नसकिएपनि यसले फाइदा गर्ने देखिएको छ। तर अनुसन्धाताले अनुसन्धानमा सहभागी भएकाहरुको रगत नमुनामा करक्युमिनको स्तरको मात्रा विश्लेषण गरेको थिएन।

सर्वसाधारण खानामा बेसार प्रयोग गरिरहेका थिए। उनीहरुले आफ्नो खानेकुरा बदलेका थिए। जसकारण मेथिलेसनमा परिवर्तन भएको थियो। तर यो बेसारको असर थिएन।

**खानामा बेसार प्रयोग गर्दा र त्यत्तिकै खानुमा के फरक छ ?**

खानामा बेसार प्रयोग गर्नाले हाम्रो शरीरलाई करक्युमिन लिने स्तर निर्धारण गर्छ। करक्युमिन लिपोफिलिक हुन्छ। अर्थात् यो बाँधिएको हुन्छ।

खानामा बेसारको प्रयोग गर्दा करक्युमिन तेलमा मिसिन्छ र हाम्रो शरीरले यसलाई लिने काम गर्छ। तेलमा तारेको खुर्सानीले पनि यो काम गर्छ। यसमा भएको पिपरिन तत्वले यस्तो काम गर्ने गर्छ। तारेका खुर्सानी र बेसार राखेको खानेकुरा खाँदा स्वास्थ्यका लागि राम्रो हुनसक्छ।

अनुसन्धानले बेसारले मानव शरीरमा पार्ने प्रभावबारे पत्ता लगाउने चर्चा गरेको थियो। उक्त अध्ययनले बेसारले क्यान्सरलाई नियन्त्रण गर्न सक्नेबारे अनुसन्धान अगाडि बढाउनुपर्ने निष्कर्ष निकालेको छ।

बेसारको नियमित सेवनले शरीरमा बिस्तारै सकारात्मक पार्ने उक्त अध्ययनले देखाएको छ। बेसारले शरीरलाई स्वस्थ राख्नुका साथै पुराना रोगबाट बचाउन सक्ने अध्ययन प्रतिवेदनमा उल्लेख छ।

बीबीसी हिन्दीबाट

# खानेपानी डिभिजनको ९० प्रतिशत वित्तीय र भौतिक प्रगति



स्याङ्जा । खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय स्याङ्जाले ९० प्रतिशत वित्तीय प्रगति र भौतिक प्रगति हासिल गरेको छ । गएको आर्थिक वर्ष २०८२/८३ मा कार्यालयले वित्तीयमा ९० प्रतिशत र भौतिकतर्फ ९१ प्रतिशत प्रगति हासिल गरेको हो ।

डिभिजन कार्यालयले चालुतर्फ ८७ प्रतिशत र पुँजीगत शीर्षकमा झण्डै ९१ प्रतिशत रकम खर्च गर्दै समग्रमा ९० प्रतिशत वित्तीय प्रगति गरेको जनाएको छ । चालु र पुँजीगत शीषर्कको ४४ करोड ४८ लाख २० हजार रुपैयाँ कुल बजेटमध्ये ४० करोड १७ लाख ३० हजार रुपैयाँ खर्च गरेर समग्रमा ९० प्रतिशत वित्तीय प्रगति हासिल भएको कार्यालयले जनाएको छ ।

पुँजीगत शीर्षकतर्फको बजेटलाई उच्च प्राथमिकता दिँदै सकेसम्म शतप्रतिशत खर्च गर्ने लक्ष्य थियो । जेनजी आन्दोलन र विभिन्न देशमा चलेका युद्धले महँगी बढेपछि सृजित समस्याले पुँजीगत खर्चतर्फ झण्डै ९ प्रतिशत बजेट खर्च हुन नसकेको कार्यालयले जनाएको छ । अपेक्षाकृत लक्ष्य हासिल नहुँदा चालु र पुँजीगत शीर्षकको झण्डै चार करोड ३० लाख ८९ हजार रुपैयाँ बजेट प्रदेश सरकारको कोषमा फिर्ता भएको छ ।

त्यस्तै कुल योजनामध्ये बहुवर्षीयका ५९, क्रमागततर्फका १९०, मर्मत सम्भारका ९२, संघको सर्शततर्फ ४ र विशेष अनुदानका दुई वटा गरी ३४७ योजनामध्ये ३३१ योजनाहरु कार्यान्वयन गर्दा ९१ प्रतिशत भौतिक प्रगाति हासिल भएको डिभिजन कार्यालयका प्रमुख इञ्जिनियर किरण पौडेलले जानकारी दिए । स्याङ्जा र कास्कीका योजना कार्यान्वयन गर्दै आएको कार्यालयका अनुसार स्याङ्जातर्फ २३३ र कास्कीको १४४ योजनामा ९१ प्रतिशत भौतिक प्रगति हासिल भएको हो । केही योजनामा पानीको श्रोत (मुल) विवादले ९ प्रतिशत भौतिक प्रगति रोकिएको प्रमुख पौडेलले जनाए ।

गएकै वर्ष बहुवर्षीयतर्फका ५१, क्रमागतका दुई, मर्मतको ६३ र संघ सशर्ततर्फ एक गरी ११७ योजना निर्माण सम्पन्न भएका छन् । एक वर्षको अवधिमा 'एक घर, एक धारा' अनियानअर्न्तगत तीन हजार ५ सय खानेपानीका नायँ धारा जडान गर्ने लक्ष्य लिएको कार्यालयले लक्ष्यअनुसार धारा जडान गरेको दाबी गरेको छ । यस अवधिमा एक सय ३ वटा खानेपानीका ट्यांकी निर्माण भएको कार्यालयले जनाएको छ ।

नयाँ धारा जडानसँगै स्याङ्जाका र कास्कीका झण्डै १५ हजार सर्वसाधारणमा खानेपानीको सुविधा विस्तार भएको छ । पछिल्लो तथ्यांकअनुसार स्याङ्जाको झण्डै ६८ हजार घरधुरीमध्ये करिब ९७ प्रतिशतले आधारभूत खानेपानीको सुविधा उपभोग गर्दै आएका छन् । आधारभूत खानेपानीको सुविधामा पहुँच पुगेमध्ये १० प्रतिशतले मध्यम तथा उच्चस्तरको खानेपानी उपभोग गर्दै आएको कार्यालयका इञ्जिनियर कमल बरालले बताए ।

कार्यालयका अनुसार गत वर्ष दुई जिल्लाका १३४ लिफ्टिङ खानेपानी योजनालाई विद्युत् महशुलमा नगद अनुदान दिइएको छ । विद्युत् प्रयोगबाट सञ्चालित लिफ्टिङ तथा भूमिगत खानेपानी योजनालाई महशुलमा एक करोड दुई लाख ७६ हजार रुपैयाँ नगद अनुदान दिइएको हो । गण्डकी प्रदेश सरकारको 'लिफिट्ङ खानेपानी विद्युत् महशुल अनुदान कार्यविधि, २०७९' अनुसार योजनाहरुलाई अनुदान दिएको इञ्जिनियर बरालले जानकारी दिए ।

त्यैगरी आर्थिक वर्ष २०७२/७३ देखि संघीय सरकारले सञ्चालन गर्दै आएको खानेपानीका ६४ योजना अलपत्र परेको कार्यालयले जानकारी दिएको छ । योजना थप्दै जाने, तर बजेट सुनिश्चित र दायित्व नलिदा योजनाहरु अलपत्र पर्दै गएका हुन् । विगत १० वर्षदेखि निर्माणाधिन योजनाहरु निर्माण सम्पन्न गर्न १९ करोड ५० लाख रुपैयाँ बजेट आवश्यक पर्ने कार्यालयले जनाएको छ ।

ट्राफिक प्रहरीको सक्रियता :

# तीन हजार सवारी कार्बाहीमा ४६ लाख राजस्व संकलन

अनिल नेपाली
अर्घाखाँची

जिल्ला ट्राफिक प्रहरी कार्यालय अर्घाखाँचीले अघिल्लो आर्थिक वर्षमा ४६ लाख राजस्व संकलन गरेको छ । ट्राफिक प्रहरी कार्यालयले सवारी कार्वाहीमा ४६ लाख २९ हजार राजस्व संकलन गरेको हो ।

गत आर्थिक वर्षमा ट्रक, बस, जीप-कार, ट्याक्टर, मोटरसाइकल तथा अन्य सवारी साधन गरी ३ हजार १ सय ४३ वटा सवारी साधन ट्राफिक नियम उल्लङ्घन गरेको अभियोगमा कार्वाहीमा परेका थिए ।

कार्बाहीमा कुल ४६ लाख २९ हजार रुपैयाँ राजस्व सङ्कलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

तथ्याङ्क अनुसार सबैभन्दा धेरै ट्रक कार्बाहीमा परेका छन् । १ हजार ६ सय २३ ट्रक कार्बाहीमा २९ लाख ४७ हजार ५ सय रुपैयाँ राजस्व संकलन भएको छ ।

त्यसैगरी जीप-कार ७ सय ७३ कार्बाहीमा ८ लाख ५२ हजार ५ सय, मोटरसाइकल ४ सय ६९ कार्वाहीमा ४ लाख ७९ हजार, बस १ सय ६९ कार्बाहीमा २ लाख ५५ हजार, ट्याक्टर ८५ कार्बाहीमा ७० हजार रुपैयाँ तथा अन्य २४ वटा सवारी कार्बाहीमा २५ हजार रुपैयाँ राजस्व सङ्कलन भएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लिलबहादुर कुँवरले जानकारी दिए ।




जिल्ला ट्राफिक प्रहरी कार्यालयले कार्वाहीसँगै ट्राफिक सचेतना अभियानलाई समेत प्राथमिकतामा राख्दै आएको छ । जिल्लाका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थी, सवारी चालक, सह-चालक तथा सर्वसाधारण नागरिकलाई लक्षित गरी नियमित रूपमा ट्राफिक नियमसम्बन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको जनाइएको छ । यस्ता कार्यक्रमले सडक प्रयोगकर्तामा नियम पालनाको संस्कार विकास गर्न महत्त्वपूर्ण भूमिका खेलेको ट्राफिक प्रहरीको भनाइ छ ।

कार्यालयको सक्रिय अनुगमन, नियमित चेकजाँच तथा ट्राफिक नियमको कडाइका साथ कार्यान्वयनका कारण जिल्लामा सवारी दुर्घटनाको स्र्‍यामा क्रमशः कमी आउन थालेको कार्यालय प्रमुख कुँवरले बताए ।

चालकहरूमा हेल्मेट, सिटबेल्ट, आवश्यक कागजात, मादक पदार्थ सेवन गरेर सवारी नचलाउनेलगायतका विषयमा सचेतना बढ्दै गएको ट्राफिक प्रहरीको भनाइ छ ।

सडकमा अनुशासन कायम हुँदै जाँदा यात्रु तथा पैदलयात्रीले पनि सुरक्षित महसुस गर्न थालेका छन् ।

ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउँदै सडक दुर्घटना न्यूनीकरणका लागि सचेतना, अनुगमन र कानुनी कार्बाहीलाई तिव्रताका साथ अगाडि बढाउने कार्यालय प्रमुख कुँवरको भनाइ छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयका सूचना अधिकारी कृष्णप्रसाद मरासिनीले ट्राफिक नियम पालना गर्नु सबै नागरिकको साझा दायित्व भएको बताए । उनले सुरक्षित यात्राका लागि चालक, यात्रु र पैदलयात्री सबैले ट्राफिक नियमको पूर्ण पालना गर्नुपर्नेमा जोड दिए । आगामी दिनमा विद्यालय केन्द्रित सचेतना कार्यक्रम, चालक अभिमुखीकरण तथा सडक सुरक्षा अभियानलाई अझ व्यवस्थित गरेर अगाडि बढ्ने उनको भनाइ छ ।

# शिसमहल पर्यटकीय केन्द्रको रूपमा विकास



गोविन्द घर्ती
देवदह

रुपन्देहीको देवदहमा रहेको मणिदीप धाम शिसमहल पर्यटकीय केन्द्रको रुपमा विकास हुँदै गएको छ ।

विगत एक वर्षको तथ्यांक हेर्दा करिव १० हजार आन्तरिक तथा वाह्य पर्यटकले शिसमहलको अवलोकन गरेका छन् । दुर्गा पञ्चायन मन्दिर देवदह-७, शितलनगर परिषरमा रहेको शिसमहल निर्माणसंगै देवदह क्षेत्र पर्यटकीय हवको रुपमा विकास भईरहेको छ ।

गत वर्ष २०८२ साउन ३१ गते उद्घाटन गरिएको शिसमहल अवलोकन गर्नको लागि बाह्य पर्यटक बढी आउने गरेको दुर्गा पञ्चायन मन्दिर व्यवस्थापन समितिका अध्यक्ष चेतप्रसाद बस्यालले जानकारी दिए । शिसमहल अवलोकन गर्नको लागि विद्यार्थीहरुलाई ३० रुपैयाँ र अन्यलाई ५० रुपैयाँ टिकट शुल्क कायम गरिएको अध्यक्ष वस्यालले बताए । मन्दिर परिषरमा शिसमहल मात्र नभई दुर्गा पञ्चायन मन्दिर, मणिदीप धाम, गुम्बा समेत रहेकोले पनि पर्यटकको आकर्षणको केन्द्रको रुपमा विकास हुँदै गएको अध्यक्ष बस्याल बताउँछन् ।

शिसमहलले देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न एउटा ईट्टा थप्ने काम गरेकोले स्थानीय तहले पनि यसलाई प्राथमिकतामा राख्नु पर्नेमा उनले जोड दिए । अध्यक्ष बस्यालका अनुसार देवदहमा पर्यटक बढाउनको लागि मन्दिरले आश्रम निर्माणको योजना अगाडि सारेको छ । देवदहमा आउने तीर्थ यात्रीलाई खाना र वस्नको लागि आश्रम निर्माणको अवधारण अगाडि सारेको बताउँदै उनले यसले देवदहलाई पर्यटकीय हवको रुपमा विकास गर्ने र आर्थिक उपार्जनमा समेत टेवा पुर्‍याउने जनाए । शिसमहलको माध्यमबाट दैनिक सय जना आन्तरिक तथा बाह्य पर्यटक शिसमहलमा भित्र्याउने लक्ष्यका साथ अगाडि बढेको उनले बताए ।

शिसमहल निर्माण गर्दा करिव ७३ लाख खर्च भएको र केही मात्र स्थानीय तहले सहयोग गरेको बस्याल बताउँछन् । देवदहमा आउने तीर्थयात्रीहरुलाई यस क्षेत्रको ऐतिहासिक पर्यटकीय क्षेत्रको अवलोकन गराउने व्यवस्थापन गर्न सके अझ पर्यटक बढ्न सक्ने उनले बताए । देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न स्थानीय तह र यहा रहेका विभिन्न संघसंस्था मिलेर टुरिजम प्याकेज बनाएर ऐतिहासिक स्थलहरुको अवलोकन गराएर प्रचार प्रसार गर्न आवश्यक रहेको बस्यालले उल्लेख गरे । अध्यक्ष वस्यालका अनुसार देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न स्थानीय तहको न्यून लगानी रहेको पर्यटकीय क्षेत्रको विकासको लागि लगानी बढाउनु पर्ने छ ।

भगवान गौतमबुद्धको मावली समेत रहेको देवदहलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्नको लागि पुरातात्विक स्थलहरुको उत्खनन् र संरक्षण गर्नुको साथै पर्यटकहरुलाई नया पन दिने शिसमहल जस्ता संरचनाहरुको प्रचार प्रसार गर्न आवश्यक रहेको छ । देवदहमा पर्यटक आउँदा एउटा क्षेत्रको मात्र विकास नभएर समग्र पक्षको विकास हुने हुँदा स्थानीयवासीहरुले पर्यटनमैत्री व्यवहार गर्न आवश्यक रहेको छ ।

# गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्ने रिब्दीकोट गाउँपालिकाको प्रतिबद्धता




पाल्पा।पाल्पाकोरिब्दीकोटगाउँपालिकामा सञ्चालित स्वास्थ्य संस्थाहरूको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रगति समीक्षा गरेको छ । रिब्दीकोट गाउँपालिकाको स्वास्थ्य शाखाको आयोजनामा भएको समीक्षा कार्यक्रममा पालिकाभित्रका विभिन्न ८ वटा स्वास्थ्य संस्थाहरूले गत आर्थिक वर्षमा सम्पादन गरेका कार्य, हासिल गरेका उपलब्धि, भोग्नुपरेका चुनौती र आगामी रणनीतिबारे वृहत् छलफल गरिएको छ ।

कार्यक्रममा रिब्दीकोट गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारीले आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाको स्वास्थ्य क्षेत्रमा सञ्चालन भएका सूचकहरूको वार्षिक प्रति प्रतिवेदन प्रस्तुत गरे । गत आर्थिक वर्षमा गाउँपालिकाभित्र सुरक्षित मातृत्व, बाल स्वास्थ्य, खोप कार्यक्रम, पोषण तथा परिवार नियोजन, सर्ने तथा नसर्ने रोगका क्षेत्रमा भएका कामहरुको प्रगतिको अवस्था सार्वजनिक गरिएको थियो । 'हामीले पालिकाभित्र शतप्रतिशत संस्थागत प्रसूति गराउने लक्ष्यका साथ काम गरिरहेका छौँ । दुई आर्थिक वर्षमा कुनै पनि गर्भवती महिलाको घरमा प्रसूति भएको छैन, घरमा हुने प्रसूतिलाई शून्यमा झार्न वडा-वडामा सञ्चालनमा रहेको स्वास्थ्य चौकी, गाउँघर क्लिनिक, महिला स्वयम्सेविकाको भूमिका महत्वपूर्ण रहेको, गर्भवती महिलाहरूलाई पोषणभत्ता र निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराइएको छ ।'- स्वास्थ्य शाखा प्रमुख अधिकारीले भने ।

जन्मिएदेखि १५ महिनासम्मका बालबालिकाहरूलाई दिइने सम्पूर्ण खोप तालिका अनुसार शतप्रतिशत बालबालिकालाई पूर्ण खोप सुनिश्चित गरिएको, बालबालिकाको नियमित तौल अनुगमन र भिटामिन 'ए' तथा जुकाको औषधि वितरण कार्यक्रम प्रभावकारी रुपमा भएको, खस्यौली प्राथमिक उपचार केन्द्रमा लक्ष्यभन्दा तेब्बर बिरामीले उपचार सेवा लिएको, ३० वर्षभन्दा माथिका नागरिकहरूको उच्च रक्तचाप तथा मधुमेह परीक्षण कार्यक्रम निःशुल्क रुपमा सञ्चालन गरिएको स्वास्थ्य शाखा प्रमुख अधिकारीले बताए ।

गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले आधारभूत स्वास्थ्य सेवा नागरिकको मौलिक अधिकार भएकोले गाउँपालिकाले प्रत्येक नागरिकलाई सहज र गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न लागिपरेको बताए । भौगोलिक रूपमा विषम रहेका वडाहरूमा पनि स्वास्थ्य पहुँच पुर्‍याउन पूर्वाधार निर्माण र जनशक्ति व्यवस्थापनमा पालिका लागिपरेको, ११ वटा स्वास्थ्य संस्था बढाएर १५ वटामा पुर्‍याई नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्दै आएको अध्यक्ष कार्कीले जानकारी दिए ।

गाउँपालिकाका उपाध्यक्ष कान्ता अधिकारीले महिला, बालबालिका तथा ज्येष्ठ नागरिकहरूको स्वास्थ्य सुरक्षालाई प्राथमिकतामा राखेर गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा गर्दै आएको बताइन् । 'जनताको स्वास्थ्य सेवामा स्वास्थ्यकर्मीहरु २४सैं घण्टा खटिनुहोस्, तपाईंलाई चाहिने सेवा सुविधा पालिकासँग माग गर्नुस् ।'-उनले भनिन् ।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सुरेश भुसालले स्वास्थ्य क्षेत्रको प्रशासनिक तथा व्यवस्थापकीय पक्षलाई सुदृढ बनाउँदै सेवा प्रवाहलाई पारदर्शी र जनउत्तरदायी बनाउन स्वास्थ्यकर्मीहरुलाई अनुरोध गरे । नसर्ने रोगको भयावहलाई सचेतनाका कार्यक्रममार्फत् न्यूनीकरण गर्न स्वास्थकर्मीहरु जनताको घरदैलोमा पुग्न प्रमुख प्रशासकीय अधिकृत भुसालले जोड दिए ।

स्वास्थ्य कार्यालय पाल्पाका निमित्त प्रमुख टुकप्रसाद पोखरेलले जिल्लाभरका स्वास्थ्य सूचकहरूमा रिब्दीकोट गाउँपालिकाको योगदान महत्त्वपूर्ण रहेको चर्चा गर्दै प्रदेश र सङ्घीय सरकारसँग समन्वय गरी स्वास्थ्य सेवालाई अझ प्रभावकारी बनाउनु पर्नेमा जोड दिए ।

कार्यक्रममा गाउँपालिकाभित्र उत्कृष्ट स्वास्थ्य सेवा प्रवाह गरी कार्यसम्पादन मूल्यांकनमा उत्कृष्ट ठहऱ्याइएका स्वास्थ्य संस्थाहरूलाई पुरस्कृत तथा सम्मान गरिएको छ । पालिकाका ८ वटा स्वास्थ्य संस्थामध्ये खस्यौली प्राथमिक उपचार केन्द्र प्रथम, ठिमुरे स्वास्थ्य चौकी द्वितीय र ख्याहा स्वास्थ्य चौकी तृतीय भएका छन् । प्रथम द्वितीय र तृतीय भएका स्वास्थ्य संस्था प्रमुख र वडाध्यक्षलाई पालिकाले सम्मान गरेको छ । स्वास्थ्य शाखाका सिनियर अनमी कमला लाम्टाङ्गेको स्वागत, गाउँपालिकाका प्रशासन प्रमुख रुकलाल भट्टराईको सञ्चालन समीक्षा कार्यक्रम भएको हो ।

**सरकारप्रति...**

तर, अर्को पक्षले तर्साएको भरमा आफू नतर्सिने समेत प्रष्ट पारेका छन् ।

केन्द्रीय कार्य समिति बैठकलाई सम्बोधन गर्दै सभापति थापाले निवर्तमान सभापति देउवासहित निवर्तमान कार्य समितिका नेताहरूप्रति आफ्नो सम्मान रहेको बताए । उनले १५औं महाधिवेशनलाई निष्पक्ष बनाउनका लागि के गर्नुपर्ने हो त्यो गर्न समेत तयार रहेको उनले बताए ।

थापाले भने-'तर एउटा कुरा के प्रष्ट पार्छु भने, म तर्साएर तर्सिन्नँ,दबाएर दबिन्नँ र फकाएर फकिन्नँ । यो पार्टीमा ४ पुस्ताको सहभागिता छ, सबैलाई समेटेर लैजानुछ ।'

सभापति थापाले गत चुनावमा कांग्रेसको जिम्मेवारीमा रहेका धेरै नेता कार्यकर्ताले रुखमा मत नहालेको भन्दै यो विषय नोटिसमा रहेको समेत बताए । सभापति थापाले सरकार बरालिएको आरोप लगाएका हुन् ।

प्रधानमन्त्री बालेन सरकारको गलत कामलाई कांग्रेसले लगाम लगाउने उनले बताए । 'प्रधानमन्त्रीले मेरो गाडीमा ब्रेक छैन भन्नुभयो । स्पीडमा हिँड्ने उहाँको छनोटमा हाम्रो केही भन्नु छैन । स्पीड बढाउन सक्नुहुन्छ, ब्रेक नलगाउन सक्नुहुन्छ, तर लेन मिच्न दिँदैनौं,' थापाले भने-'सरकार बरालिएको छ, ठीक ठाउँमा ल्याउने काम कांग्रेसको हो ।'

सभापति थापाले प्रतिनिधिसभा निर्वाचनपछि प्रमुख प्रतिपक्षी दलको नेताको हैसियतमा कांग्रेस ठीक बाटोमा हिँडिरहेको बताए ।

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# ग्यासको कृत्रिम अभाव रोक्न छड्के अनुगमन

**प्रकाश डोटेल**

*स्याङ्जा*

जिल्लाका प्रमुख बजार क्षेत्रमा खाना पकाउने एलपी ग्यासको कृत्रिम अभाव र कालोबजारी रोक्न छड्के अनुगमन थालिएको छ। जिल्ला प्रशासन कार्यालयले ग्यास डिलर र सप्लायर्समाथि छड्के अनुगमन गरेको हो।

उपभोक्ताबाट बजारमा एलपी ग्यास सहज रूपमा नपाइएको गुनासो आएपछि सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीको नेतृत्वमा संयुक्त अनुगमन टोली परिचालन गरिएको छ। टोलीले दुई दिनदेखि जिल्लाका प्रमुख व्यापारिक केन्द्रमा ग्यासको आपूर्ति, मौज्दात र वितरण गर्ने प्रक्रियामा छड्के अनुगमन गरेको जनाइएको छ।



जिल्ला प्रशासन कार्यालय, प्रहरी कार्यालय, एकीकृत कार्यालय तथा सम्बन्धित निकायका प्रतिनिधि सम्मिलित टोलीले पुतलीबजार, वालिङ, भीरकोट, गल्याङ र चापाकोट नगरपालिकास्थित ग्यास डिलर तथा सप्लायर्सको अनुगमन गरेको छ। अनुगमनका क्रममा अधिकांश डिलरमा उद्योगबाट नियमित रूपमा एलपी ग्यास आपूर्ति भएको पाइएको प्रशासनले जनाएको छ।

ग्यासको वितरण प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाउनुपर्ने आवश्यकता देखिएको अनुगमन टोलीको निष्कर्ष छ। टोलीले डिलर तथा सप्लायर्ससँग ग्यासको मौज्दात, उद्योगबाट भएको आपूर्ति र उपभोक्तासम्म पुऱ्याइएको वितरणसम्बन्धी अभिलेखसमेत चेकजाँच गरेको छ। अनुगमनपछि व्यवसायीलाई ग्यासको आयात, मौज्दात र वितरणको स्पष्ट विवरण राख्न निर्देशन दिइएको छ।

बजारमा ग्यासको कृत्रिम अभाव सिर्जनासँगै कालोबजारी गर्नेलगायतका गतिविधि सह्य नहुने सहायक प्रमुख जिल्ला अधिकारी सुवेदीले बताए। उद्योगबाट नियमित आपूर्ति हुँदाहुँदै अनावश्यक ग्यास भण्डारण गर्ने, वितरणमा विभेद गरेको वा अभाव देखाउने कार्य गरेको भेटिए प्रचलित कानुनअनुसार कडा कारबाही गरिने उनले चेतावनी दिए।

उपभोक्ताको हित संरक्षण प्रशासनको प्रमुख जिम्मेवारी रहेको उल्लेख गर्दै बजार अनुगमनलाई निरन्तरता दिइने प्रशासनले जनाएको छ। ग्यास वितरणमा समस्या, अनियमितता वा कृत्रिम अभाव सिर्जना गर्ने प्रयास देखिए तत्काल जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउन उपभोक्तासँग आग्रह गरिएको छ।

# मणिग्राममा शिव महापुराण तथा धार्मिक अनुष्ठान हुँदै

बुटवल। रुपन्देहीको तिलोत्तमा-५, मणिग्रामस्थित श्री रामेश्वर महादेव मन्दिरमा शिव आराधना, कथा प्रवचन तथा भजन-कीर्तनसहितको धार्मिक कार्यक्रम आयोजना हुने भएको छ।

सनातनी युवा मञ्चको आयोजनामा २०८३ साउन २८ गतेदेखि भदौ ७ गतेसम्म सञ्चालन हुने कार्यक्रममा साउन २८ गते बिहान १० बजे विभिन्न भेषभूषा र बाजागाजासहित बृहत् कलश शोभायात्रा तथा दिउँसो १ बजे उद्घाटन समारोह हुने आयोजकले जनाएको छ।

कार्यक्रमअन्तर्गत प्रत्येक दिन बिहान ७ बजेदेखि ११ बजेसम्म शिव पूजन तथा महाअभिषेक, दिउँसो १ बजेदेखि देवी सत्सङ्ग प्रवचन, साँझ ५ बजे कथा समापन तथा प्रसाद वितरण र साँझ ७ बजेदेखि विशेष आरतीसँगै राष्ट्रिय कलाकारहरूको भजन-कीर्तन आयोजना गरिनेछ। कार्यक्रमका लागि आयोजकले विभिन्न धार्मिक सेवाका लागि ऋत्विज, रुद्रीपाठ, लघुरुद्री, ब्राह्मण भोजन, एक दिनको कर्ता र मूल कर्ता लगायतका सेवा तथा दानको व्यवस्था गरेको छ। मूल कर्ताका लागि ५१ हजार रुपैयाँ तथा एक दिनको कर्ताका लागि २१ हजार रुपैयाँ तोकिएको छ।




मञ्चका अध्यक्ष तथा कार्यक्रमका प्रमुख वाचक पं. प्रेम सुजन शास्त्रीले धार्मिक आस्था र संस्कारलाई नयाँ पुस्तासम्म पुऱ्याउने उद्देश्यले कार्यक्रम आयोजना गरिएको बताए।

"धर्म भनेको केवल पूजा र अनुष्ठानमा सीमित विषय होइन, यसले हाम्रो संस्कार, संस्कृति र सामाजिक एकतालाई जोड्ने काम गर्छ। शिव महापुराण, सत्सङ्ग, भजन-कीर्तन र सामूहिक पूजामार्फत् नयाँ पुस्तालाई सनातन संस्कृति र संस्कारसँग जोड्नु हाम्रो मुख्य उद्देश्य हो।"- शास्त्रीले भने। उनले कार्यक्रममा सहभागी भएर धार्मिक अनुष्ठानसँगै सामाजिक तथा सांस्कृतिक एकताको सन्देश प्रवाह गर्न सबैलाई आग्रह गरे।

कार्यक्रम श्री रामेश्वर महादेव मन्दिर, तिलोत्तमा-५, मणिग्राम, रुपन्देहीमा हुनेछ। साउन महिनालाई शिव आराधनाका लागि विशेष महत्त्वका साथ मनाइने भएकाले कार्यक्रमले स्थानीय धार्मिक गतिविधिसँगै मन्दिर क्षेत्रमा भक्तजनको सहभागिता बढाउने अपेक्षा आयोजकको छ।

# अन्तरधार्मिक सद्भावबारे अन्तर संवाद




बुटवल। मानव समाजमा आपसी सद्भाव र मैत्रीले मात्र शान्ति र समृद्धि प्राप्त हुने बुटवलमा आयोजित एक अन्तर संवाद कार्यक्रममा बोल्ने वक्ताहरुले बताएका छन्। अन्तरधार्मिक संघ नेपालको आयोजनामा सुनसरीको कप्तानगञ्ज हुँदै देशव्यापीरुपमा फैलन लागेको धार्मिक हिंसालाई सद्भाव र शान्तिमा रुपान्तरण गर्न बुटवलमा अन्तरधार्मिक सम्वाद कार्यक्रम सम्पन्न भएको हो।

कार्यक्रममा बोल्ने वक्ताहरुले नेपाली समाज विविधताले युक्त रहेको चर्चा गर्दै विविधतामा बेला बखतमा स्वार्थ द्वन्द्वका कारण अशान्तिको स्थिति उत्पन्न हुन सक्ने खतराप्रति समाजका धार्मिक गुरुहरु, पत्रकार, द्वन्द्व विशेषज्ञ, कानुनविद एवं प्रहरी प्रशासन सदा सर्वदा सजग भइरहनुपर्नेमा जोड दिए।

कार्यक्रमका प्रमुख अतिथि वरिष्ठ अधिवक्ता तेजप्रसाद कंडेलले विविधतायुक्त समाजमा द्वन्द्व व्यवस्थापन गर्नु जटिल विषय हो। सबै वर्ग र समुदायलाई संविधानभित्र अटाउने, देखिने र जोडिने गरी मुलधारमा समावेश गरेर अगाडि बढ्नुपर्नेमा जोड दिए। उनले अल्पसंख्यक धार्मिक समुदाय र बहुसंख्यक समुदायहरुबिच सहअस्तित्व, समानता, स्वतन्त्रता एवं सहिष्णुता आवश्यक रहेको बताउँदै राज्य निरपेक्ष रहेर सबै जनताहरुलाई स्वतन्त्रतापूर्वक आ-आफ्नो धर्म पालन गर्ने वातावरण बनाउनुपर्नेमा जोड थिए।

कार्यक्रममा राजनीतिक विश्लेषक अधिवक्ता डा. बालकृष्ण चापागाईंले अन्तरसंवाद कार्यक्रमको महत्वबारे चर्चा गर्दै अन्तरधार्मिक सद्भावः शान्ति र समृद्धिको आधार भएको बताए। उनले नेपाली समाजको बहुआयामिक विशेषता रहेको र सदियौंदेखि एकआपसमा सद्भाव, मैत्री एवं सहअस्तित्वलाई स्वीकार गरी शान्ति तथा समझदारीका साथ अगाडि बढ्दै आएको सहिष्णु एवं प्रगाढ मित्रतामा आधारित समाज रहेको बताए।

नागरिक अगुवा अधिवक्ता पदमबहादुर कार्कीले विभिन्न निर्णायक मोडहरुमा बुटवलले खेलेको वैचारिक नेतृत्वले राष्ट्रियस्तरमा प्रभाव पारेको चर्चा गर्दै देशमा शान्ति र अमनचयन कायम गर्ने दिशामा सार्थक प्रयास जारी राख्नुपर्ने बताए।

त्यसैगरी मुस्लिम धर्मको तर्फबाट सफर अलि मियाँले नेपाली समाज धार्मिक सहिष्णुतामा चलेको छ भन्दै सबै धर्महरुबिच आपसी बैरभाव नरहेको अवस्थामा गलत तत्वले द्वन्द्व फैलाउने सम्भावना रहेकोले सबै धार्मिक समुदायहरु सजग हुनुपर्ने बताएका छन्।

किष्टियन धर्मगुरु मनोहर पाठकले क्रिष्टियनहरु शान्तिपूर्ण हुन्छन् भन्दै सबैको अस्तित्वलाई स्वीकार गरी मेलमिलापका साथ सहकार्य गर्ने संस्कृति निर्माण गर्नुपर्नेमा जोड दिए। हिन्दु धर्मका अनुयायी विजयराज बस्यालले धार्मिक सद्भाव कायम गर्न आपसी विस्वासको वातावरण बनाउनु पर्ने जनाए।

त्यस्तैगरी बौद्ध अध्येता बलबहादुर आचार्यले भगवान् गौतमबुद्धले मनलाई केन्द्र मानेर शान्ति, करुणा र दयाजस्ता सकारात्मक पक्षलाई महत्व दिएर धार्मिक सद्भाव कायम गर्न सकिने बताए।

सह-प्राध्यापक मुकुन्द पोखरेलले समाजमा रहेको विविधतालाई सूक्ष्म विश्लेषण गरी सद्भावका आधारमा शान्ति स्थापना गर्न सकिने विचार व्यक्त गरे। बुद्धिजीवी दुर्गाप्रसाद शर्मा आचार्यले समाजमा सद्भावको सन्देश सञ्चारित गरिरहनुपर्नेमा जोड दिए। उच्च बार बुटवलका अध्यक्ष माधवप्रसाद घिमिरेले संविधानको भावना र मर्मलाई आत्मसाथ गरी सबैले कानूनको पालना र कार्यान्वयनमा ध्यान दिनुपर्ने बताए। अधिवक्ता रेवन्त विश्वकर्माले अहंकार त्यागेर समानताको संस्कृति निर्माण गर्न सके धेरै द्वन्द्वहरु न्यूनीकरण गर्न सकिने जनाए।

अन्तर धार्मिक सद्भाव संघका केन्द्रीय कोषाध्यक्ष शोभाखर पौडेलले शिष्ट र मर्यादित भाषा प्रयोग गर्न सके समाजमा सद्भाव ल्याउन सकिने उल्लेख गरे। मुस्लिम धर्मका अनुयायी हाजी जमाल मियाँले मिलेर बसेको समाजलाई भड्काएर अविस्वास सिर्जना गर्ने र हिंसा मच्याउनेलाई चिनेर कानुनी दायरामा ल्याउनुपर्ने बताए। त्यसैगरी मदन खत्रीले कप्तानगञ्जदेखि सुरु भएको हिंसा अहिले शान्त भएको छ। यसै बीचमा हामीले आपसी सद्भावलाई बलियो बनाउन यस्ता कार्यक्रम गर्नुपर्नेमा उनले जोड दिए।

अन्तरधार्मिक सद्भाव संघको केन्द्रीय कार्यबाहक अध्यक्ष गणेश घिमिरेको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन लुम्बिनी वाङ्मय प्रतिष्ठान नेपालका अध्यक्ष ऋषि आजादले गरेका थिए।

# हिरा सोनीको नेतृत्वमा 'रूपन्देही सेफ सोसाइटी' गठन




बुटवल। रुपन्देहीमा विभिन्न होटल, रेष्टुरेण्ट तथा हस्पिटालिटी क्षेत्रमा कार्यरत सेफहरू संगठित भएका छन्। जिल्लाका विभिन्न स्थानमा छरिएर रहेका सेफहरूलाई एकजुट गर्दै आइतबार 'रुपन्देही सेफ सोसाइटी' गठन गरिएको हो।

बुटवलमा भएको सेफहरूको भेलाले हिरा सोनीको अध्यक्षतामा नयाँ कार्यसमिति सर्वसम्मत चयन गरेको हो। सोसाइटीको उपाध्यक्षमा कृष्ण तिवारी, सचिवमा सन्दिप बयम्बु, सह-सचिवमा यादव पराजुली र कोषाध्यक्षमा विष्णु कुँवर चयन भएका छन्। त्यस्तै सदस्यहरूमा राजेन्द्र घिमिरे, देउखर्क आचार्य, वीरबहादुर सिन्जाली, मनोज थापा र भोजराज सापकोटा रहेका छन्।

सोसाइटीको पहिलो बैठकले संस्थालाई आवश्यक सुझाव तथा मार्गदर्शनका लागि विभिन्न व्यक्तिहरूलाई सल्लाहकारसमेत चयन गरेको छ। सल्लाहकारमा राहुल राई, सन्तोष अर्याल, टेक विष्ट, एलबी कौशल, देवीलाल सोमई, नारायण पहराई, माधवकुमार खनाल, कृष्ण भण्डारी, खुमबहादुर बस्नेत र कृष्ण अधिकारी रहेका छन्। यस्तै प्रेस सल्लाहकारमा पत्रकार सन्त कुमार श्रेष्ठलाई चयन गरिएको छ। यसअघि भएको औपचारिक कार्यक्रममा इन्टरनेशनल नेप्लिज सेफ सोसाइटीका महासचिव तथा वरिष्ठ सेफ अनिल कुँवरले कार्यक्रमको उद्घाटन गर्दै नेपाली पाककला र नेपाली खानालाई अन्तर्राष्ट्रियस्तरमा पुऱ्याउन संस्थाले महत्वपूर्ण भूमिका खेल्न सक्ने बताए।

नेपाली सेफहरू क्षमता र दक्षताका हिसाबले उत्कृष्ट रहेको उल्लेख गर्दै कुँवरले आफ्नो कला, सीप र अनुभवलाई सामाजिक सञ्जालमार्फत् विश्वसामु चिनाउन पनि आग्रह गरे। उनले नेपाली खानाको मौलिकता र पाककलालाई अन्तर्राष्ट्रिय फोरमसम्म पुऱ्याउन आवश्यक पहल गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ रुपन्देहीका अध्यक्ष माधवकुमार खनालले सेफ पेशा आफैँमा महत्वपूर्ण र उत्कृष्ट पेशा भएको बताए। हस्पिटालिटी क्षेत्रको महत्वपूर्ण मेरुदण्डका रूपमा सेफहरू रहेको उल्लेख गर्दै उनले होटल व्यवसायी र सेफबीच नङ र मासुको जस्तै सम्बन्ध हुने जनाए।

सेफ एशोसिएसनको सिफारिसका आधारमा होटलमा रोजगारीको अवसर सिर्जना गर्नेसम्मको सहकार्य गर्न आफूहरू तयार रहेको उनको भनाइ थियो।

'हामीले सेफहरूको सेफ गर्छौं।' -खनालले भने। रुपन्देहीमा हस्पिटालिटी क्षेत्रमा पर्याप्त सम्भावना रहेको र त्यसलाई प्रमाणित गर्ने आधारसमेत सेफहरूको यो संगठनले तयार गर्ने उनले बताए।

कार्यक्रममा सेफ कृष्ण तिवारीले आफ्नो तीन दशक लामो व्यावसायिक अनुभव सुनाउँदै सेफ पेशामा निरन्तर सिकाइ र मेहनत आवश्यक रहेको जनाए। उनले सन् १९९५ मा भारतमा रेष्टुरेण्टबाट आफ्नो व्यावसायिक यात्रा सुरु गरेको र त्यसपछि स्टार होटल हुँदै दुबईको सेभेन स्टार होटल तथा मरिससमा समेत काम गरेको अनुभव सुनाए। लामो समयको अन्तर्राष्ट्रिय अनुभवपछि पुनः नेपाल फर्किएर क्लब डेभेनोमा काम गरेको उनले जानकारी दिए।

सेफका लागि विभिन्न परिकार र खानाको भेराइटीबारे राम्रो ज्ञान हुनु आवश्यक रहेको बताउँदै तिवारीले समयअनुसार नयाँ प्रविधि, परिकार र पाककलाका विषयमा निरन्तर ज्ञान हासिल गर्नुपर्नेमा जोड दिए। ३० वर्ष लामो अनुभवबाट आफूले सिकेको कुरा सुनाउँदै उनले नयाँ पुस्ताका सेफहरूले पनि निरन्तर सिकाइलाई आफ्नो पेशाको महत्वपूर्ण हिस्सा बनाउनुपर्ने बताए।

कार्यक्रममा नवनिर्वाचित अध्यक्ष हिरा सोनी, खत्री ग्रुपका सञ्चालक विष्णु भुषाल तथा सेफ सन्तोष अर्यालले उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने भएकाले किचनको स्वच्छता, सुरक्षा र सेफको भूमिका अत्यन्त महत्वपूर्ण हुने बताएका थिए।

उनीहरूले गुणस्तरीय र स्वस्थकर खाना तयार गर्न सेफको दक्षतासँगै किचनको व्यवस्थापन, सरसफाइ र खाद्य सुरक्षामा समेत विशेष ध्यान दिनुपर्नेमा जोड दिए।

रुपन्देहीमा सेफहरूका लागि साझा संस्था गठन भएपछि पेशागत हकहित, सीप विकास, रोजगारीका अवसर, तालिम तथा नेपाली मौलिक खानाको प्रवर्द्धनमा काम गर्ने अपेक्षा गरिएको छ।

कार्यक्रममा रुपन्देहीका विभिन्न होटल तथा रेष्टुरेण्टमा कार्यरत ६० भन्दा बढी सेफहरूको सहभागिता रहेको थियो।

# रणपाल र रायमाझीको नयाँ तिज गीत 'लाइटर गोजीमा' सार्वजनिक




अर्घाखाँची। गायिका सम्झना रणपाल र गायक विशाल रायमाझीको स्वरमा रहेको नयाँ तिज गीत 'लाइटर गोजीमा' को म्युजिक भिडियो सार्वजनिक भएको छ। तिज पर्वलाई लक्षित गर्दै सार्वजनिक गरिएको उक्त गीतले नेपाली मौलिक लोकभाका, तिजको उमंग, मनोरञ्जन र नृत्यमार्फत् विशेषगरी युवा पुस्तालाई केन्द्रमा राखेको छ। गीत सार्वजनिक भएसँगै नेपाली सांगीतिक क्षेत्रमा तिज गीतको माहोल थप उत्साहपूर्ण बनेको छ।

अर्घाखाँचीमा जन्मिएकी लोकप्रिय गायिका सम्झना रणपाल नेपाली लोक तथा तिज गीत क्षेत्रमा सक्रिय कलाकारका रूपमा परिचित छिन्। एक दशकभन्दा बढी समयदेखि गीत-संगीत क्षेत्रमा योगदान दिँदै आएकी रणपालको आधिकारिक युट्युब च्यानलमार्फत् उक्त गीत सार्वजनिक गरिएको हो।

गीतका शब्द तथा संगीत विशाल रायमाझीले तयार गरेका हुन् भने गीतको हुकलाइन झबिन नेपालीले सिर्जना गरेका छन्। संगीत संयोजन विश्वास नेपालले गरेका छन्। कुमार रानाले मिक्सिङ तथा मास्टरिङको जिम्मेवारी सम्हालेका छन् भने सुमन राना र खुमान सिंह रानाले रेकर्डिस्टका रूपमा काम गरेका छन्। गीतको रेकर्डिङ मरुनी डिजिटल स्टुडियोमा गरिएको हो। समूह गायनमा रेखा कार्की, सुमित्रा सुनार, रविन परियार र राजन मौरातीले साथ दिएका छन्। गीतको हुकलाइन श्रोतालाई सहजै आकर्षित गर्ने शैलीमा तयार गरिएको छ। विशेषगरी तीजमा नाचगान तथा सांस्कृतिक कार्यक्रममा रमाउने दर्शक-श्रोताका लागि यो गीत मनोरञ्जनको नयाँ कोसेली बन्न सक्ने अपेक्षा गरिएको छ।

गीतको भिडियोमा चर्चित कलाकार एलिना रायमाझी र झबिन नेपालीको दमदार अभिनय देख्न सकिन्छ। उनीहरूको अभिनय, नृत्य र भिडियो प्रस्तुतिले गीतलाई दृश्यात्मक रूपमा अझ आकर्षक बनाएको छ। भिडियोको कथा तथा निर्देशन स्वयं बिशाल रायमाझीले गरेका छन् भने कोरियोग्राफी बिन्तिराज पुनथोकीले सम्हालेका छन्। छायाँकन प्रकाश खड्का र उनको टिमले गरेका हुन्।

भिडियो सम्पादन तथा कलरको जिम्मेवारी राजकुमार मगरले सम्हालेका छन्। पोस्टर आर्ट लक्ष्मण चौहानले तयार गरेका छन् भने मेकअप आर्टिस्टका रूपमा पूनम चौधरीले काम गरेकी छन्। भिडियोको सम्पादन तथा पोस्ट-प्रोडक्सन दृष्टि इन्टरटेनमेन्ट र राजकुमार फिल्म्सबाट गरिएको हो।







सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com